# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

**बैठक संख्या:** ०१/०८०/०८१ **मिति:**२०८०/०४/१९

**अध्यक्षता:** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

**उपस्थिति:**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | अनुपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

**बैठक संख्या ०१/०८०/०८१ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०४/१९**

मिति २०८० साल श्रावण १९ गते शुक्रबारका दिन बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

**१. नगर प्रहरीको सेवा सुविधा सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिकाको नगर प्रहरी सेवाका लागि छनौट भएका उम्मेद्वारहरुको सेवाको शर्त तथा सुविधाका सम्बन्धमा अर्जुनधारा नगरपालिकाको नगर प्रहरी व्यवस्थापन (संशोधन सहित) ऐन,२०७७ बमोजिम देहाय बमोजिम कायम गर्ने निर्णय गरियो ।

**क. मासिक पारिश्रमिक तथा दर्ज्यानी चिन्ह**

| पद | मासिक पारिश्रमिक (रु) | दर्ज्यानी चिन्ह |
|---|---|---|
| नगर प्रहरी सहायक निरीक्षक | ३०,००० | कुममा पाँचकुने एक तारा |
| नगर प्रहरी हवल्दार | २७,५०० | कुममा तीनवटा धर्का |
| नगर प्रहरी जवान | २५,००० | - |

**ख. पोसाक भत्ताः** पहिलो पटकका लागि वार्षिक रु १५००० र त्यसपश्चात वार्षिक रु १२००० मात्र ।

**ग. वार्षिक पाउने विदाः** घर विदाः ६ दिन, भैपरी आउने विदाः ६ दिन र मान्यता प्राप्त चिकित्सकको सिफारिसमा बिरामी विदा ७ दिन सम्म ।विदा अर्को वर्षका निमित्त सञ्चित नहुने ।

**घ. पोसाक कोडः** कार्यालयले निर्धारण गर्ने ।

२. **अर्जुनधारा नगरपालिकाको भू उपयोगको वर्गिकरण तथा जग्गा विकास सम्बन्धि कार्यविधि,२०८० संशोधन सम्बन्धमा।**

अर्जुनधारा नगरपालिकाको भु उपयोगको वर्गिकरण तथा जग्गा विकास सम्बन्धि पहिलो संशोधन कार्यविधि,२०८० स्वीकृत गरियो ।

**३. लम्पी स्किन प्रकोप नियन्त्रणका लागि भ्याक्सिन खरिद सम्बन्धमा ।**

विगत केही समययता गाइवस्तुमा महामारीको रुपमा फैलिएको लम्पी स्किन महामारी नियन्त्रणका लागि स्वीकृत भ्याक्सिन खरिद गर्न नगरपालिको प्रकोप व्यवस्थापन कोषबाट रु २० लाख विनियोजन गरी आवश्यक मात्रामा भ्याक्सिन खरिद गर्ने निर्णय गरियो ।यसरी प्राप्त हुने भ्याक्सिन सम्बन्धित पशु धनीको ३३ प्रतिशत लागत साझेदारीमा उपलब्ध गराउने निर्णय गरियो ।साथै, डेंगु प्रकोप नियन्त्रणका लागि जैविक किटनाशक औषधि खरिद गर्न प्रकोप नियन्त्रण कोषबाट रु २ लाख ५० हजार विनियोजन गर्ने निर्णय गरियो ।

४. **विद्यालय कक्षा थप तथा नाम संशोधन सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका वडा नं ४ मा सञ्चालिन घेराबारी गोल्डेन फ्युचर एकाडेमी अर्जुनधाराको नाम संशोधन गरी ब्राइट बिगिनिङ्ग एकाडमी नाम कायम गर्न सम्बन्धित विद्यालयको माग बमोजिम नाम संशोधन गर्ने निर्णय गरियो ।साथै, अर्जुनधारा नगरपालिकामा सञ्चालित निम्न बमोजिमका विद्यालयहरुको माग निवेदन बमोजिम शैक्षिक सत्र २०८० बाट कक्षा थप गर्ने निर्णय गरियो ।

| सि.नं. | विद्यालयको नाम, ठेगाना | थप हुने कक्षा |
|---|---|---|
| १ | बालकल्याण प्राथमिक विद्यालय, अर्जुनधारा-६ | कक्षा ६ |
| २ | नवनित एजुकेशन एकाडमी, अर्जुनधारा-६ | कक्षा ६ |

| | | |
|---|---|---|
| ३ | ब्राइट विगिनिङ्ग एकाडमी, अर्जुनधारा-४ | कक्षा ७ |

**५. बजेट विनियोजन सम्बन्धमा ।**

१) अर्जुनधारा नगरपालिका वडा नं ४ स्थित मिलडाँडामा तत्काल कल्भर्ट निर्माण गर्नु आवश्यक भएको हुँदा प्राविधिक लागत स्टमेट बमोजिमको आवश्यक रकम जहाँ अभर त्यहाँ नगर कार्यक्रमबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।साथै, अर्जुनधारा नगरपालिका वडा नं ४ स्थित खानेपानी टेंकी छेउको होलि संरक्षणका लागि प्लम्ब वाल निर्माण गर्नु आवश्यक भएको हुँदा प्राविधिक लगत स्टमेट गरी आवश्यक रकम जहाँ अभर त्याहाँ नगर शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

२) नेपाल आदिवासी जनजाति महासंघ, अर्जुनधारा नगर समितिलाई आदिवासी जनजाति दिवश मनाउनका लागि नगरपालिकाको संघसंस्था प्रवर्द्धन कोषबाट रु १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

३) अर्जुनधारा नगरपालिका वडा नं ३ बस्ने श्री पेलाबहादुर लिङ्गदमको आवाश निर्माण सहयोगार्थ ३ बन्डल जस्तापाता बराबरको रकम उपलब्ध गराउने निर्णय गरियो ।

६. <u>साझेदारीका कार्यक्रमका लागि सूचना प्रकाशन सम्बन्धमा ।</u>

अर्जुनधारा नगरपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले स्वीकृत “साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९” अधिनमा रही आर्थिक वर्ष २०८०/०८१ देखि शुरु हुने गरी बहुवर्षिय/सालबसालीरुपमा कृषि र पशुमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट आशय पत्र पेश गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

७. <u>ट्रिपर चालकको सेवा करार सम्बन्धमा ।</u>

कोभिड १९ को दोश्रो लहरका लागि नगरपालिकालाई एम्बुलेन्स चालकको आवश्यकता भएको, उक्त अवस्थामा यस नगरपालिकाको लागि २०७७ साल बैसाखमा भारतीय राजदुतावाशबाट अनुदानमा प्राप्त भएको एम्बुलेन्स सञ्चालनका लागि तत्काल एम्बुलेन्स चालकको आवश्यकता भई अर्जुनधारा नगरपालिका वडा नं १ बस्ने श्री धनबहादुर तामाङ्गलाई दैनिक ज्यालादारी सेवामा एम्बुलेन्स सञ्चालनको जिम्मा दिइएकोमा हाल नगरपालिकाको एम्बुलेन्स बिग्रिएर थन्किएको र नगरपालिकाको ट्रिपर चालक श्री नारदप्रसाद पोखरेलले राजिनामा दिई उक्त ट्रिपर सञ्चालनको जिम्मा दिइएकोमा निज लामो समयदेखि यस नगरपालिकाका सवारी साधन सञ्चालनको काममा दैनिक ज्यालादारीमा रहनु भएको र सवारी साधन सञ्चालन जस्तो संवेदनशिल कामका लागि निजसँग सेवा करार सम्झौता गरी जिम्मा दिन उपयुक्त हुने हुँदा निजलाई हेभी सवारी चालकको सुरु पारिश्रमिक प्राप्त गर्ने गरी सेवा करार सम्झौता गरी काममा लगाउने निर्णय गरियो ।

**८. विविधः**

१) अर्जुनधारा नगरपालिका, ३ नं वडा कार्यालयको च.नं. १५६ मिति २०८०/०४/१८ गतेको सिफारिस पत्र बमोजिम अर्जुनधारा नगरपालिका वडा नं ३ मा सुखानी दोभान टाङटिङ खोला अमलडाँगी उपभोक्ता समितिले सञ्चालन गरेको तटबन्धन योजना सम्पन्न गर्नका लागि बढीमा २०८० श्रावण मसान्तसम्मका लागि सोही स्थानमा मात्र प्रयोग गर्ने गरी ३ वटा ट्याक्टर सञ्चालनको अनुमति दिने निर्णय गरियो ।

२) अर्जुनधारा नगरपालिकाको महानन्द चौकबाट शनिश्चरे बजार आउने शनिश्चरे-बिर्तामोड सडक कालोपत्रे गर्नका लागि ठेक्का प्राप्त शान्ति निर्माण सेवाले सडक मर्मतका लागि आवश्यक ढुंगा गिटी ओसारपसारका लागि सहजिकरण गरिदिन दिएको पत्र बमोजिम उक्त निर्माण कार्यका लागि तोकिएको BoQ बमोजिम आवश्यक पर्ने ढुंगा गिटी लगायतका निर्माण सामाग्री सम्बन्धित निर्माण स्थलमा मात्र प्रयोग गर्ने अर्जुनधारा नगरपालिका क्षेत्र भित्र रहेको मौज्दातबाट ओसार पसार गर्न सहजिकरण गर्ने निर्णय गरियो ।

३) सडक बोर्ड नेपालबाट प्राप्त अनुदान बमोजिम कार्यालयको ठेक्का नं AM/NCB/WORKS/09-079/080 अन्तर्गत बसपार्क जाने सडक पुल्चोक देखि पुष्पलाल र मिलन चौक देखि कालिस्थान सडक मर्मत आयोजना सञ्चालन गर्दा इजाजत प्राप्त ठेकेदार श्री प्रगतिशिल निर्माण सेवा, बुद्धशान्तिबाट तोकिएको परिमाण भन्दा बढी काम भएको रु ७३३५४०/- (सात लाख तेत्तिस हजार पाँच सय चालिस मात्र) भ्याट सहितको भेरियसन अर्डर स्वीकृत गरी सोको भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

४) यस नगरपालिकाबाट यस नगरपालिका भित्रका सुरक्षा निकायहरुलाई उपलब्ध गराउँदै आएको इन्धन सुविधालाई चालु आर्थिक वर्षमा देहाय बमोजिम इन्धन सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | निकाय | मासिक इन्धन (लि) |
|---|---|---|
| १ | सशस्त्र प्रहरी बल शनिश्चरे बेस | १०० |
| २ | प्रहरी चौकी शनिश्चरे | १०० |
| ३ | सशस्त्र प्रहरी बल खुदुनाबारी | २५ |
| ४ | अस्थायी प्रहरी चौकी खुदुनाबारी | २० |
| ५ | प्रहरी बिट सालबाडी | १५ |
| ६ | प्रहरी बिट बुट्टाबारी | १५ |